# सुनापति गाउँपालिका रामेछाप
# विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार एवम् सुनापति गाउँपालिका शिक्षा ऐन २०७८ (संशोधनसहित)को दफा २२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका भित्रका सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रको लेखापरीक्षण कार्यलाई निष्पक्ष एवम् समयानुकुल बनाउन विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ जारी गरी लागू गरिएको छ।

## परिच्छेद -१
## परिभाषा

१. **(क) संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम सुनापति गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि २०८१ रहेको छ।

(ख) यो कार्यविधि सुनापति गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(ग) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले सुनापति गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले सुनापति गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले सुनापति गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले सुनापति गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनापति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "शिक्षा शाखा" भन्नाले सुनापति गाउँपालिका अन्तर्गतको शिक्षा शाखालाई सम्झनु पर्दछ।

(ज) "शाखा अधिकृत" भन्नाले सुनापति गाउँपालिका शिक्षा शाखा प्रमुख सम्झनु पर्दछ।

(झ) "लेखापरीक्षण" भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षण कार्य लाई जनाउँदछ।

(ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति/सस्था/कम्पनी वा फर्मलाई जनाउँदछ।

## परिच्छेद -२
## लेखापरीक्षक सम्बन्धी व्यवस्था

३. गाउँपालिकाले गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्र लगायतको बार्षिक रुपमा लेखा परीक्षण गर्नका लागि निश्चित समयावधि तोकि लेखापरीक्षकबाट आशयपत्र माग गर्न सक्नेछ।

४. लेखापरीक्षकले तपसिल बमोजिमका कागजातहरू सहित तोकिएको अवधि भित्र गाउँपालिकाको शिक्षा शाखामा आशयपत्र पेश गर्नुपर्नेछ :

(क) सम्बन्धित निवेदकको निवेदन।

(ख) लेखापरीक्षण दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग)लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको  प्रतिलिपि ।

(घ)स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(च) नागरिक प्रमाणपत्रको प्रतिलिपि ।

(छ) लेखापरीक्षक वहालवाल कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि ।

## परिच्छेद -३
## लेखापरीक्षक छनौट सम्बन्धी व्यवस्था

५.  लेखापरीक्षण छनौट कार्य देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरूको अन्तिम लेखापरीक्षण गर्ने प्रयोजनका लागि इच्छुक लेखापरीक्षकबाट १५ दिनको समयावधि तोकी आशय पत्र माग गरिनेछ ।

(ख)आशयपत्र माग गरिएको समयावधि समाप्ती पश्चात प्राप्त आशयपत्रहरूको विवरण तयार गरिनेछ।

(ग) उल्लिखित विवरण बमोजिमका लेखापरीक्षकलाई गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार निश्चित समयावधि निर्धारण गरी सामुदायिक विद्यालय एवम् सामुदायिक सिकाइ केन्द्रमा लेखापरीक्षणका लागि तोकि नियुक्तिपत्र उपलब्ध गराइनेछ ।

(घ) लेखापरीक्षणका विद्यमान मापदण्ड र कानुनी व्यवस्था बमोजिम लेखापरीक्षकले लेखापरीक्षण गर्नु कर्तव्य हुनेछ ।

## परिच्छेद -४
## लेखापरीक्षक पारिश्रमिक

६.  लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयबाट देहाय बमोजिमको पारिश्रमिक दिनुपर्नेछ।

(क) शुरु रु २५,००,०००।-(अक्षरेपि पच्चिस लाख) सम्म रु ५०००।-(अक्षरेपि पाँच हजार)

(ख) त्यस पछिको प्रत्येक रु ५,००,०००।-(अक्षरेपि पाँच लाख) को कारोवारमा रु १०००।-(अक्षरेपि एक हजार) का दरले पारिश्रमिक सम्बन्धित विद्यालयले दिनुपर्नेछ।

(ग) उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी हुनेछ।

(घ) विद्यालयहरूले गाउँपालिकाले तोकेको रकम भन्दा बढि पारिश्रमिक दिन पाउने छैन।

७.  माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयहरूमा लेखापरीक्षकबाट दावी गर्न पाइने छैन। लेखापरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त गाउँपालिकामा जानकारी गराउनुपर्नेछ र गाउँ शिक्षा समितिले उक्त लेखापरीक्षकको नियूक्ति रद्ध गर्न सक्नेछ।

## परिच्छेद -५
## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

८.  लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्बन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका शिक्षा शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ। उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्वेवारी गाउँपालिकाको हुनेछ।

## परिच्छेद -६
## बेरुजु र सम्परीक्षण

९. अन्तिम लेखापरीक्षण बाट कायम भएका बेरुजुको प्रमाण पेश वा नियमित गरी/गराई वा अशुल उपर गरी/गराई फछ्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ।

१०. बेरुजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेको बेरुजु लागत तथा कारोवार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण खोली वहालवाल जिम्वेवारप्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ। जिम्वेवार प्राप्त अधिकारीले उपयुक्त बमोजिम बुझिलिई बेरुजु फछ्यौट गर्नु गराउनु पर्नेछ।

## परिच्छेद -७
## विविध

११. एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटक वा सो भन्दा बढी नियूक्ति गरिने छैन।

१२. गाउँपालिकाले खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ। खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा गाउँपालिकाबाट रोक्का गर्न सकिनेछ।

१३. एउटा परीक्षकलाई एक आ.व. मा बढीमा पाँच वटा सम्म विद्यालय वा सामुदायिक सिकाइ केन्द्रको लेखापरीक्षण गर्न जिम्मेवारी दिन सकिनेछ।

१४. खटाइएको लेखा परीक्षकबाट तोकिएको समयमा लेखापरीक्षण कार्य नभएमा उक्त लेखापरीक्षकलाई कालो सूचीमा सूचीकृत गर्न सकिनेछ।

आज्ञाले
सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत